# चिकित्सकीय कानुनी (मेडिको लिगल) सेवा सञ्चालन निर्देशिका, २०७५

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं
नेपाल

**Disclaimer**

This material has been funded by UK aid from the UK Government; however the views expressed do not necessarily reflect the UK government's official policies

मा. भानु भक्त ढकाल
Hon. Bhanu Bhakta Dhakal

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री
Minister for Health and Population

नेपाल सरकार
Government of Nepal
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
Ministry of Health and Population

स्वास्थ्य तथा जनसंख्यामन्त्रीको निजि सचिवालय

: ०१-४-२६२५३४
: 01-4-262534
फ्याक्स : ०१-४-२६२५६५
Fax : 01-4-262565
Website: www.mohp.gov.np

निजी सचिवालय
Personal Secretariat
रामशाहपथ, काठमाडौं, नेपाल ।
Ramshahpath, Kathmandu, Nepal

पत्र सङ्ख्या (Ref. No.):- चलानी नं. (Dispatch No.):- मिति (Date):- ................................

## मन्तव्य

नेपालको संविधानले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रुपमा स्थापित गरेको छ । जस अन्तर्गत स्वास्थ्य संस्थाबाट प्रदान गरिने विभिन्न प्रकारका सेवाहरुमध्ये मेडिको लिगल सेवा पनि पर्दछ । नागरिकहरुलाई प्रदान गरिने अन्य संबैधानिक हकहरुमध्ये न्यायसम्बन्धी हक एवं महिला तथा बालबालिकाहरुको हकका सन्दर्भमा मेडिको लिगल सेवा पनि महत्वपूर्ण भूमिका खेल्ने क्षेत्र हो ।

गुणस्तरीय र व्यवस्थित चिकित्सकीय कानून (मेडिको लिगल) सेवा मार्फत लैङ्गिक हिंसा पीडित एवं अन्य अपराधका पीड़ितहरुले न्याय पाउने आधार तयार हुने हुँदा यस क्षेत्रमा समय सापेक्ष सुधार गर्नु आवश्यक रहेको छ । नेपालमा भर्खरै कार्यान्वयनमा आएका मुलुकी फौजदारी कार्यविधि (संहिता), मुलुकी देवानी (संहिता) ऐन, २०७४ र अन्य प्रचलित कानूनहरुको सफल कार्यान्वयनका लागि पनि परम्परागत रुपमा प्रचलित मेडिको लिगल सेवालाई अझ बढी सहज, गुणस्तरीय, वैज्ञानिक र व्यवस्थित बनाउने उद्देश्यले तयार गरिएको यस मेडिको लिगल सेवा सञ्चालन निर्देशिका, २०७५ ले संघीय, प्रादेशिक र स्थानीय तहका अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई ठूलो मद्दत पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा, यो निर्देशिका तयार गर्न सहयोग गर्नुहुने मन्त्री परिषद् सचिवालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र महान्याधिवक्ताको कार्यालयका सबै संलग्न व्यक्तिहरु प्रति धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

माघ २८, २०७६ ।

०७६।१०।२८

.........
मन्त्री

**नवराज रावत**
**Navraj Rawat**

मा. राज्यमन्त्री
Hon. State Minister

नेपाल सरकार
Government of Nepal
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
Ministry of Health and Population

फोन : ०१-४-२४३६७२
Phone : 01-4-243672
फ्याक्स : ०१-४-२६२४६८
Fax : 01-4-262468

रामशाहपथ, काठमाडौं, नेपाल ।
Ramshahpath, Kathmandu, Nepal


पत्र संख्या (Ref..No.):

चलानी नं. (Dispatch No.):-

मिति (Date): २०७६।१०।२८

## मन्तव्य

चिकित्सकीय कानुनी (मेडिको लिगल) सेवा संचालन निर्देशिका २०७५ अब कार्यान्वयनको क्रममा गइसकेको छ । कानुनी प्रयोजनका लागि हरेक अस्पतालमा नियमित कार्यका रुपमा गरिने मेडिकल जाँच तथा प्रतिवेदनहरुका बारेमा समय समयमा प्रश्नहरु उठ्ने गर्दछन् । हालसम्म नेपालमा मेडिको लिगल सेवा छुट्टै स्वीकृत विशेषज्ञ सेवा हो भनी पहिचान नगरिएको र सो सम्बन्धी आवस्यक ब्यबस्थाहरु पनि नभएका कारणले गर्दा त्यस्ता प्रश्नहरु उठ्नु स्वाभाविकै थियो । देशको बदलिंदो परिस्थितिमा न्याय सम्पादन पनि प्रमाणमुखी हुनुपर्ने भएकोले जसोतसो काम चलाउ अबस्थामा रहेको मेडिको लिगल सेवा न्युनतम मापदण्ड स्तरको हुनुपर्ने विषय अत्यावस्यक भइसकेको छ ।

अपराध अनुसन्धानको प्रक्रियामा अस्पतालहरुबाट तयार गरिने सबुद प्रमाणहरुलाई बढी भरपर्दो तथा वैज्ञानिक बनाउनका लागि र नागरिकहरुको न्यायिक अधिकार संरक्षण तथा प्रबर्धनका लागि पनि यस्ता निर्देशिकाहरुको सही उपयोग हुन आवस्यक छ । यो निर्देशिकाले गरेको ब्यबस्था कार्यान्वयन हुनका लागि हरेक अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरुमा न्युनतम भौतिक सामग्रीहरु, तालिम प्राप्त स्वास्थ्यकर्मीहरु र मेडिको लिगल कार्यहरु के कसरी भइरहेका छन् भनी अनुगमन तथा सुपरिवेक्षण जस्ता प्रक्रियाहरुलाई निरन्तरता दिन संघीय, प्रादेशिक र स्थानीय तहका सम्बधित निकायहरु सक्रिय रहनु आवस्यक छ । यो निर्देशिका निर्माण गर्न सहयोग पुर्‍याउनु हुने स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महान्यायधिबक्ताको कार्यालय लगायत अन्य संलग्न निकाय एवम् ब्यक्तिहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

मा.नवराज रावत
राज्यमन्त्री

राज्य मन्त्री
स्वास्थ्य तथा जनसंख्या

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.........................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

प्राप्त पत्र संख्या :-

पत्र संख्या

चलानी नं. :-

रामशाहपथ,

काठमाडौं, नेपाल ।

मिति :- २०७६/१०/२७

विषय :-

## मन्तव्य

चिकित्सकीय कानुनी (मेडिको लिगल) सेवा भनेको लैङ्गिक हिंसा लगायत अन्य कारणले अन्यायमा परेका व्यक्तिहरूलाई न्याय प्रदान गरी समाजमा अमनचयन कायम गर्न योगदान पुऱ्याउने विषय हो । व्यक्ति विरूद्ध भएका विभिन्न हिंसात्मक गतिविधिहरूमा मृत शरीर वा जीवित व्यक्तिहरूको परीक्षणवाट पाइएका विभिन्न लक्षणहरूको चिकित्सकीय विश्लेषण गरी सत्यतथ्य पत्ता लगाउन विशेषज्ञता ज्ञान तथा सीपको आवश्यक पर्दछ । नेपालमा भर्खरै मात्र विषय विशेषज्ञ वा तालिम प्राप्त चिकित्सकहरूले मेडिको लिगल कार्य गर्न पाउने कानुनी प्रावधान जारी भएको छ । यसै सन्दर्भमा नेपाल सरकारद्वारा जारी गरिएको यो मेडिको लिगल सेवा सञ्चालन निर्देशिकाले हरेक अस्पतालमा नियमित रूपमा दिइने चिकित्सकीय कानुनी सेवालाई अझ सहज, व्यवस्थित र गुणस्तरयुक्त बनाउन योगदान पुऱ्याउने छ भन्ने आशा व्यक्त गर्दछु ।

राष्ट्रिय स्वास्थ्य नीति २०७६ मा पनि मेडिको लिगल सेवालाई विकास र विस्तार गर्दै सबै प्रदेश र प्राथमिक अस्पतालसम्म पुऱ्याउने प्रमुख रणनीति रहेको सन्दर्भमा यस निर्देशिकाले व्यवस्था गरेको केन्द्रीय मेडिको लिगल सेवा सञ्चालन समिति र प्रदेश मेडिको लिगल सेवा समन्वय समितिहरूले मेडिको लिगलको क्षेत्रमा आवश्यक सुधारात्मक कार्यहरू यथाशक्य चाँडो अगाडि बढाउन सफलता प्राप्त गर्नेछन् भन्ने कुरामा पूर्ण विश्वास गर्दछु ।

यो निर्देशिका तयार गर्न सहयोग पुऱ्याउनु हुने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका कर्मचारीहरू, डा.हरिहर वस्ती, नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम लगायत अन्य सबै संलग्न संस्था तथा व्यक्तिहरूलाई हार्दिक धन्यवाद प्रदान गर्न चाहन्छु ।

(खगराज बराल)
सचिव
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

# चिकित्सकीय कानुनी (मेडिको लिगल) सेवा सञ्चालन निर्देशिका, २०७५

**नेपाल सरकार, मन्त्रि परिषद्बाट स्वीकृतः २०७५/१२/४**

चिकित्सकीय कानुनी (मेडिको लिगल) सेवालाई सहज, गुणस्तरीय, व्यवस्थित र मर्यादित बनाई सर्वसाधारणको पहुँचसम्म पुऱ्याउनको लागि स्वास्थ्य संस्थाबाट त्यस्तो सेवा प्रभावकारी रूपमा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले महान्यायाधिवक्ताको परामर्शमा देहायको निर्देशिका बनाएको छ ।

## परिच्छेद—१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "चिकित्सकीय कानुनी (मेडिको लिगल) सेवा सञ्चालन निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,—

(क) "चिकित्सक" भन्नाले मेडिको लिगल (फरेन्सिक मेडिसिन) विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको नेपाली नागरिक चिकित्सक सम्झनु पर्छ र सो शब्दले मेडिको लिगल परीक्षण सम्बन्धी तालीम प्राप्त गरेको चिकित्सकलाई समेत जनाउँछ ।

(ख) "मन्त्रालय" भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(ग) "मेडिको लिगल परीक्षण" भन्नाले कसूरको अनुसन्धान, अभियोजन वा न्यायिक कारबाहीको सिलसिलामा कानूनी प्रयोजनको लागि देहायको घटनामा गरिने चिकित्सकीय जाँच, परीक्षण वा सो सम्बन्धी अन्य कार्य सम्झनु पर्छ :-

(१) उमेर प्रमाणीकरण,

(२) कुटपीट,

(३) जवरजस्ती करणी,

(४) मानसिक अवस्थाको परीक्षण

(५) यातना,

(६) शव परीक्षण, मृत्युको कारण, मृतकको सनाखत वा यस्तै अन्य कुनै कार्य

(७) अन्य कुनै घटनाको सम्बन्धमा प्रचलित कानून बमोजिम गरिने चिकित्सकीय जाँच तथा परीक्षण ।

(घ) "मेडिको लिगल सेवा" भन्नाले मेडिको लिगल परीक्षण तथा सो को आधारमा तयार गरिने प्रतिवेदन सम्झनु पर्छ र सो शब्दले चिकित्सकले विशेषज्ञ साक्षीको रूपमा अदालतमा गर्नुपर्ने बकपत्र तथा दिनुपर्ने चिकित्सकीय रायलाई समेत जनाउँछ ।

(ङ) "सरकारी स्वास्थ्य संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानीमा सञ्चालित स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(च) "स्वास्थ्य संस्था" भन्नाले सरकारी, सामुदायिक, सहकारी वा निजी लगानीमा प्रचलित कानून बमोजिम स्थापना भईसञ्चालित अस्पताल, स्वास्थ्य प्रतिष्ठान, मेडिकल कलेज तथा अन्य स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ११ बमोजिमको केन्द्रीय मेडिको लिगल सेवा सञ्चालन समिति सम्झनु पर्छ।

# परिच्छेद—२
# अनुमतिपत्र तथा शर्त

३. अनुमतिपत्र लिनु पर्ने: (१) मेडिको लिगल सेवा सञ्चालन गर्न चाहने स्वास्थ्य संस्थाले अनुमतिपत्रको लागि अनुसूची-१ बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लिखित कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा निवेदक स्वास्थ्य संस्थाले मेडिको लिगल परीक्षण अन्तर्गतको कुन परीक्षण सेवा सञ्चालन गर्न चाहेको हो सो समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा त्यस्तो स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिमको शर्त तथा मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा समितिले आवश्यक छानबिन गर्नु पर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनको लागि समितिले निवेदक स्वास्थ्य संस्थाको स्थलगत निरीक्षणको लागि विशेषज्ञ सहितको टोली खटाई सो संस्थामा मेडिको लिगल सेवा सञ्चालन गर्न उपयुक्त रहे, नरहेको सम्बन्धमा यकीन गरी राय सहितको प्रतिवेदन समिति समक्ष पेश गर्न लगाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदनको आधारमा निवेदक संस्थालाई मेडिको लिगल सेवा सञ्चालनको अनुमति दिन समितिले उपयुक्त देखेमा अनुसूची-२ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम प्रदान गरिने अनुमतिपत्रको समयावधि तीन वर्षको हुनेछ ।

(७) उपदफा (६) बमोजिमको अवधि समाप्त हुनुभन्दा दुई महिना अगावै सम्बन्धित स्वास्थ्य संस्थाले अनुमतिपत्रको नवीकरणको लागि अनुसूची-३ बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम कुनै निवेदन प्राप्त भएमा समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी प्रत्येक तीन वर्षमा अनुमतिपत्रको नवीकरण गरिदिन सक्नेछ ।

४.	<u>अनुमतिपत्र लिनु नपर्ने :</u> (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी स्वास्थ्य संस्थाले मेडिको लिगल सेवा सञ्चालन गर्नको लागि अनुमतिपत्र लिनु पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेडिको लिगल सेवा सञ्चालन गर्ने सरकारी स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम मेडिको लिगल सेवा सञ्चलानको लागि तोकिएका शर्त तथा मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

५.	<u>स्वास्थ्य संस्था तथा चिकित्सकले पालना गर्नु पर्ने शर्त:</u> मेडिको लिगल सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्था तथा चिकित्सकले देहाय बमोजिमका शर्त पालना गर्नु पर्नेछ :-

(क) कम्तीमा एक मेडिको लिगल युनिटको गठन गरेको हुनुपर्ने, तर फरेन्सीक मेडिसिन विभाग भएका स्वास्थ्य संस्थामा छुट्टै मेडिको लिगल युनिट गठन गर्नुपर्ने छैन र सोही विभागबाट यस निर्देशिका बमोजिमका शर्त तथा मापदण्डको पालना गरी मेडिको लिगल परीक्षण सम्बन्धी कार्यसम्पादन गर्न सकिनेछ ।

(ख) मेडिको लिगल परीक्षण जुनसुकै समयमा गर्न सकिने गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने,

(ग) मन्त्रालयबाट लागू गरिएको सम्बन्धित विषयको कार्य सञ्चालन कार्यविधि (स्टान्ड्रड अपरेटिङ्ग प्रोसेडुर) बमोजिम मेडिको लिगल परीक्षण गर्नुपर्ने,

(घ) चिकित्सकले सम्बन्धित मुद्दामा अदालतको आदेश बमोजिम विशेषज्ञ साक्षीको रूपमा बकपत्र गर्नुपर्ने,

(ङ) शङ्कास्पद तथा अप्राकृतिक मृत्युका अवस्थामा प्रहरी अनुसन्धान अधिकृत वा सम्बन्धित प्रहरी कार्यालयले चिकित्सकलाई घटना स्थलमा उपस्थित हुन अनुरोध गरेमा आवश्यक सहयोग गनुपर्ने,

(च) मेडिको लिगल परीक्षणको क्रममा सम्बन्धित पीडितको गोपनियता कायम गर्नु पर्ने,

(छ) मेडिको लिगल जाँचपछि दिनुपर्ने प्रतिवेदन सामान्यतया तीन दिनभित्र उपलब्ध गराउने,

(ज) खण्ड (छ) बमोजिमको प्रतिवेदनमा सम्पूर्ण विवरणहरू पूर्ण र प्रष्ट रुपमा सम्भव भएसम्म नेपाली भाषामा उल्लेख गर्नुपर्ने,

(झ) संवेदनशील तथा जघन्य प्रकृतिका घटनाको शव परीक्षण गर्दा सम्बन्धित अनुसन्धान अधिकृत शव परीक्षण कक्षमा उपस्थित हुन चाहेमा अनुमति दिई सो घटनाको सम्बन्धमा आवश्यक जानकारी दिने,

(ञ) स्वास्थ्यकर्मीलाई आवश्यकता अनुसार मेडिको लिगल सम्बन्धी तालीम दिने,

(ट) मेडिको लिगल कार्यबाट निस्किएका हानि गर्ने वा हानि नगर्ने (हाजार्डस् वा नन् हाजार्डस्) वस्तु, पदार्थ वा रसायनको वातावरण मैत्री विधिबाट उचित व्यवस्थापन गर्ने व्यवस्था मिलाउने,

(ठ) विपद् पश्चात गर्नु पर्ने शव पहिचान र व्यवस्थापन कार्यमा आवश्यकतानुसार सहयोग गर्नु पर्ने ।

६. <u>अनुमतिपत्रको खारेजी :</u> (१) दफा ४ बमोजिम मेडिको लिगल सेवा सञ्चालनको लागि अनुमतिपत्र प्राप्त स्वास्थ्य संस्थाको अनुमतिपत्र देहायको कुनै अवस्थामा समितिले खारेज गर्न सक्नेछ :-

(क) यस निर्देशिका बमोजिमका शर्त तथा मापदण्ड बारम्बार उल्लङ्घन गरेमा,

(ख) दफा ३ को उपदफा (७) बमोजिम नवीकरण नगरी अनुमति पत्रको अवधि समाप्त भएमा,

(ग) दफा ८ विपरीत मेडिको लिगल सेवा प्रदान गर्न इन्कार गरेमा,

(घ) मेडिको लिगल सेवा प्रदान गर्न असमर्थता जनाई आधार र कारण सहित समिति समक्ष निवेदन दिएमा ।

(२) उपदफा (१) को खण्ड (घ) को अवस्थामा बाहेक सोही उपदफामा उल्लिखित अन्य अवस्थामा अनुमतिपत्रको खारेजी गर्नु अघि समितिले सम्बन्धित स्वास्थ्य संस्थालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

७. <u>जनशक्तिको व्यवस्था गर्नु पर्ने :</u> (१) यस निर्देशिका बमोजिम अनुमतिपत्र प्राप्त मेडिको लिगल सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाले शव परीक्षण कार्यका लागि देहाय बमोजिम जनशक्तिको व्यवस्था गर्नु पर्नेछ :-

(क) शव परीक्षण (अटप्सी) को लागि कम्तीमा दुई जना चिकित्सक,

(ख) शव परीक्षण सहयोगी (मर्चुरी हेल्पर) वा सो सम्बन्धी तालिम प्राप्त कम्तीमा दुई जना अनुभवी व्यक्ति,

(ग) एक जना कम्प्यूटर अपरेटर ।

(२) शव परीक्षण सम्बन्धी सेवा बाहेकका अन्य मेडिको लिगल सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको हकमा एक जना चिकित्सक वा सो विषयमा तालीम प्राप्त एक जनाअन्य चिकित्सक हुनु पर्नेछ ।

८. <u>इन्कार गर्न नहुने :</u> मेडिको लिगल सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त स्वास्थ्य संस्थाले अधिकार प्राप्त अधिकारी वा निकायबाट मेडिको लिगल परिक्षणको लागि लेखी आएमा कुनै पनि कारण देखाई आफ्नो संस्थामा उपलब्ध मेडिको लिगल सेवा प्रदान गर्न इन्कार गर्न पाउने छैन ।

## परिच्छेद-३
## मेडिको लिगल परीक्षण सम्बन्धी मापदण्ड र पूर्वाधार

९. शव गृहको स्थापनाः (१) यस निर्देशिका बमोजिम शव परीक्षण सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त स्वास्थ्य संस्थामा छुट्टै शव गृह हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शव गृहमा अन्य कुराको अतिरिक्त अनुसूची-४ बमोजिमका मापदण्ड तथा पूर्वाधार पुगेको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शव गृह आवत जावत गर्ने छुट्टै मार्गको व्यवस्था हुनुपर्नेछ ।

१०. क्लिनिकल मेडिको लिगल परीक्षण कक्षः (१) यस निर्देशिका बमोजिम शव परीक्षण बाहेकका अन्य मेडिको लिगल परीक्षण सम्बन्धी सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त स्वास्थ्यसंस्थामा अन्य कुराको अतिरिक्त अनुसूची-४ मा उल्लिखित मापदण्ड तथा पूर्वाधार सहितको क्लिनिकल मेडिको लिगल कक्ष हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तत्काल आकस्मिक उपचार गर्नुपर्ने बिरामीको लागि सोही स्वास्थ्य संस्थाको आकस्मिक कक्षमा उपचार गराई मेडिको लिगल जाँच समेत गर्नु पर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(३) यस निर्देशिका बमोजिम मेडिको लिगल परीक्षण गर्दा आवश्यक पर्ने एक्सरे, प्रयोगशाला लगायतका अन्य परीक्षण सेवा समेत सोही स्वास्थ्य संस्थामा उपलब्ध रहेको हुनुपर्नेछ ।

## परिच्छेद-४
## मेडिको लिगल समिति सम्बन्धी व्यवस्था

११. <u>केन्द्रीय मेडिको लिगल सेवा सञ्चालन समिति:</u> (१) मेडिको लिगल सेवा सञ्चालन गर्ने सम्बन्धी नीति निर्धारण समेतको लागि केन्द्रमा एक केन्द्रीय मेडिको लिगल सेवा सञ्चालन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :—

| | | |
|---|---|---|
| (क) | प्रमख, गुणस्तर मापन तथा नियमन महाशाखा, मन्त्रालय | —अध्यक्ष |
| (ख) | सहसचिव, कानून तथा न्याय सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय | —सदस्य |
| (ग) | सहन्यायाधिबक्ता, महान्यायाधिबक्ताको कार्यालय | —सदस्य |
| (घ) | वरिष्ठ प्रहरी उपरीक्षक, अपराध अनुसन्धान विभाग, नेपाल प्रहरी | —सदस्य |
| (ङ) | प्रमुख, फरेन्सिक मेडिकल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान | —सदस्य |
| (च) | प्रतिनिधि, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | —सदस्य |
| (छ) | उपसचिव (कानून), मन्त्रालय | —सदस्य सचिव |

(३) समितिको सविचालय मन्त्रालयमा रहनेछ ।

१२. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) मेडिको लिगल सेवा सम्बन्धी नीति तथा मापदण्डका सम्बन्धमा मन्त्रालयलाई सिफारिस गर्ने,

(ख) मेडिको लिगल सेवा सञ्चालनको लागि स्वास्थ्य संस्थालाई अनुमति दिने,

(ग) मेडिको लिगल सेवा सम्बन्धी कार्य गर्ने निकाय बीच समन्वय गर्ने,

(घ) मेडिको लिगल सेवा सम्बन्धी वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी स्वीकृत गर्ने तथा सो को कार्यान्वयन गर्ने, गराउने,

(ङ) मेडिको लिगल सेवा सम्बन्धी कार्य गर्ने स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने, गराउने ।

१३. <u>समितिको बैठक र निर्णयः</u> (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषय सूची कम्तीमा दुई दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सचिवद्वारा प्रमाणित गरिनेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. <u>उपसमिति गठन गर्न सक्ने:</u> (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि समितिको कुनै सदस्यको संयोजकत्वमा सम्बन्धित क्षेत्रका विशेषज्ञ समेत संलग्न गरी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि उपसमिति गठन गर्दाका बखत समितिले तोके बमोजिम हुनेछ ।

१५. प्रदेश मेडिको लिगल सेवा समन्वय समितिः (१) प्रदेश स्तरमा मेडिको लिगल सेवा सञ्चालनको सम्बन्धमा समन्वय गर्न प्रत्येक प्रदेशमा प्रदेश सरकारले तोके बमोजिम प्रदेशमा एक प्रदेश मेडिको लिगल सेवा समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. प्रदेश मेडिको लिगल सेवा समन्वय समितिको काम, कार्तव्य र अधिकारः यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेश मेडिको लिगल सेवा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :—

(क) मेडिको लिगल सेवा व्यवस्थापन गर्न सहयोग गर्ने, गराउने,

(ख) मेडिको लिगल सेवाको सम्बन्धमा सम्बन्धित निकाय बीच समन्वय गर्ने,

(ग) मेडिको लिगल सेवा सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति तथा मापदण्डका सम्बन्धमा समितिलाई सिफारिस गर्ने,

(घ) मेडिको लिगल सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम गर्ने,

(ङ) मेडिको लिगल सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने, गराउने र सो सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

## परिच्छेद–५
## विविध

१७. <u>अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण :</u> (१) समिति तथा प्रदेश मेडिको लिगल समन्वय समितिले मेडिको लिगल सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्दा यस निर्देशिका बमोजिमका मापदण्ड तथा पूर्वाधार पूरा भए नभएको तथा शर्तहरू पालना भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्नु, गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा तोकिएको मापदण्ड तथा पूर्वाधार पूरा नभएको तथा शर्तहरू पालना नभएको देखिएमा निश्चित अवधि तोकी सम्बन्धित स्वास्थ्य संस्थालाई त्यस्तो मापदण्ड वा पूर्वाधार पूरा गर्न तथा शर्तको पालना गर्न तथा अन्य सुधारको लागि निर्देशन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको निर्देशन बमोजिम सुधार भए नभएको सम्बन्धमा दिइएको समयावधि समाप्त भएपश्चात पुनःजाँचबुझ गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम अनुगमन तथा निरीक्षण सम्बन्धी प्रतिवेदन प्रदेश मेडिको लिगल समन्वय समितिले समिति समक्ष पेश गर्नुपर्नेछ।

१८. <u>निःशुल्क हुने :</u> (१) नेपाल सरकार वादी हुने मुद्दामा प्रदान गरिने मेडिको लिगल सेवा निःशुल्क हुनेछ ।

(२) मेडिको लिगल सेवा प्रदान गरे बापत सम्बन्धित स्वास्थ्य संस्था तथा चिकित्सकलाई मन्त्रालयले तोकेको भत्ता तथा रकम उपलब्ध गराइने छ ।

१९. <u>निर्देशन दिन सक्ने :</u> (१) यस निर्देशिका बमोजिम मेडिको लिगल सेवा सञ्चालनको क्रममा मन्त्रालयले समिति, प्रदेश मेडिको लिगल समन्वय समिति तथा मेडिको लिगल सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) मेडिको लिगल सेवा सञ्चालनको क्रममा प्रदेश मेडिको लिगल समन्वय समिति तथा मेडिको लिगल सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थालाई समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।

२०. <u>प्रतिवेदन पेश गर्नु पर्ने :</u> (१) प्रत्येक मेडिको लिगल सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थाबाट सम्पादन गरेको मेडिको लिगल परीक्षण सम्बन्धी प्रतिवेदन प्रत्येक चार महिनामा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा समितिले मेडिको लिगल सेवा सम्बन्धमा प्रत्येक वर्ष मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२१. <u>बाधा अड्काउ फुकाउन सक्ने :</u> यस निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन उत्पन्न भएमा मन्त्रालयले सो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२२. <u>अनुसूचीमा हेरफेर वा थपघट :</u> मन्त्रालयले समितिको सिफारिसमा अनुसूचीमा अवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>मेडिको लिगल सेवा सञ्चालन गर्ने अनुमति पत्रको लागि दिइने निवेदनको ढाँचा</u>**

श्री केन्द्रीय मेडिको लिगल सेवा सञ्चालन समिति,
काठमाडौं, नेपाल ।

विषय : अनुमतिपत्र उपलब्ध गराउने बारे ।

मेडिको लिगल सेवा सञ्चालन गर्नको लागि अनुमति पत्र आवश्यक परेकोले देहायको विवरण खोली मेडिको लिगल सेवा सञ्चालन निर्देशिका, २०७५ को दफा ३ को उपदफा (१) बमोजिम यो निवेदन दिइएको छ ।

**निवेदन दिने संस्थाको-**

स्वास्थ्य संस्थाको नाम :
स्वास्थ्य संस्थाको ठेगाना :
संस्था दर्ता प्रमाणपत्र जारी गर्ने कार्यालय :
दर्ता नं. :
दर्तामिति : पान नं. : भ्याट नं.:
स्वास्थ्य संस्थाले सञ्चालन गर्न चाहेको मेडिको लिगल परीक्षण सेवा :
(क) शव परीक्षण(ख) क्लीनिकल मेडिको लिगल परीक्षण (ग) दुवै संस्थाको मुख्य उद्देश्यहरू :
१.
२.
३.

सम्बन्धित संस्थाको तर्फबाट निवेदन दिने व्यक्तिको-
दस्तखत :
संस्थाको छाप : नामथर :
पद :
टेलिफोन/मोवाइल नम्बर :
मिति :

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातः-**

- स्वास्थ्य संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- स्वास्थ्य संस्थाको गत वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
- स्वास्थ्य संस्था सञ्चालन स्वीकृति पत्र तथा नवीकरण गरिएको पत्रको प्रतिलिपि ।

अनुसूची-२
(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)
श्री केन्द्रीय मेडिको लिगल सेवा सञ्चालन समिति
काठमाडौं, नेपाल

**<u>मेडिको लिगल सेवा सञ्चालन गर्ने अनुमतिपत्र</u>**

श्री ........................ दर्ता नं. :
............................ ।

मेडिको लिगल सेवा सञ्चालन गर्ने अनुमतिपत्रको लागि मिति ............... मा त्यस स्वास्थ्य संस्थाबाट दिइएको निवेदन उपर आवश्यक जाँचबुझ गरी केन्द्रीय मेडिको लिगल सेवा सञ्चालन समितिको बैठकमा पेश हुँदा त्यस संस्थालई मेडिको लिगल (शव परीक्षण/क्लीनिकल मेडिको लिगल परीक्षण/दुवै) सेवा सञ्चालन गर्ने अनुमतिपत्र दिने मिति ...... मा निर्णय भएकोले मेडिको लिगल सेवा सञ्चालन निर्देशिका, २०७५ को दफा ३ को उपदफा (५) बमोजिम यो अनुमतिपत्र दिइएको छ ।

यो अनुमतिपत्र तीन वर्ष सम्म बहाल रहनेछ ।

अनुमतिपत्र दिने अधिकारीको,-
नाम :
दस्तखत :
मिति :
दर्जा : सदस्य-सचिव

(अनुमतिपत्रको पृष्ठ भागमा उल्लेख गर्ने)
नवीकरण प्रयोजनको लागि

| नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको नाम | पद | सही | कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-३
(दफा ३ को उपदफा (७) सँग सम्बन्धित)

**अनुमतिपत्रको नवीकरणको लागि दिइने निवेदन**

श्री केन्द्रीय मेडिको लिगल सेवा सञ्चालन समिति
काठमाडौं, नेपाल ।

त्यस समितिबाट प्रदान गरिएको मेडिको लिगल (शव परीक्षण/क्लीनिकल मेडिको लिगल परीक्षण/दुवै) सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण गर्न आवश्यक भएकोले मेडिको लिगल सेवा सञ्चालन निर्देशिका, २०७५ को दफा ३ को उपदफा (७) बमोजिम यो निवेदन दिइएको छ ।

संस्था दर्ता नं. :
संस्था दर्ता मिति :

संस्थाको छाप :-

संस्थाको तर्फबाट निवेदन दिने व्यक्तिको,-
दस्तखत :
नामथर :
पद :
टेलिफोन/मोवाइल नम्बर :
मिति :

अनुसूची-४

(दफा ९को उपदफा (२) र दफा १० को उपदफा (१) सँग सम्बन्धित)

## मेडिको लिगल सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाहरूको स्तर अनुसार पूरा गर्नु पर्ने मापदण्ड तथा पूर्वाधार

1. **Primary Health Centers and District Hospitals (Where autopsy number is likely not more than 30 per month)**

   a) **Autopsy or post-mortem service**

      1. Mortuary or post-mortem room-1
      2. Ante-room or changing rom-1
      3. Store room -1
      4. Bathroom-1
      5. Body dissection table- 1
      6. Organ dissection table -1
      7. Refrigeration chamber or cool room for body preservation (2-4 bodies capacity)
      8. Dissection set of instrument for autopsy- Minimum2 sets and as per requirement
      9. Magnifying lens; 20 and 40 times -1 each
      10. Measuring tape - Minimum2 and as per requirement
      11. Weighing machine for organs and if possible for dead body -1
      12. Camera for photography
      13. Glass tubes for blood collection and tissue collection; reasonable numbers for regular use
      14. Glass slides; reasonable number for regular use
      15. EDTA
      16. Sodium Floride -200 or 500 gm- 1
      17. Formalin solution as per requirement
      18. Plastic made wide mouth containers of 500 ml capacity ; reasonable numbers for regular need
      19. Sodium chloride (table salt); reasonable amount for regular use
      20. Autopsy gown – Minimum 2 sets and as per requirement
      21. Gum boots- Minimum 4 pairs and as per requirement
      22. Gloves and masks as per requirement
      23. Stationeries: paper, markers, pen, staplers, rulers, card boards etc
      24. Administrative room for registration of cases and report preparation with Computer, printer for report preparation and other necessary furniture
      25. Cleaning agents; soap, detergents as per requirement
      26. Sealing materials; specific seal tape or wax seal and seal print
      27. Autopsy SOP, Reference Manual

b) **Clinical forensic or medico-legal services**

1. Medico-legal Examination (MLE) room- 1
2. Examination bed-1
3. Weight machine and height scale- each 1
4. BP set, stethoscope and torch light – each 1
5. Examination kits; sexual offence cases (rape victim examination kit)
6. Gloves and masks as per requirement
7. Stationeries: paper, markers, pen, staplers, rulers, card boards etc
8. Magnifying lens; 20 and 40 times each 1
9. Measuring tape-2
10. Camera for photography
11. Paper envelopes of different sizes for collection of samples and packing as per requirement
12. Glass tubes for collection of blood urine; reasonable number for regular use
13. X ray plate view box- Minimum 1
14. EDTA and Sodium floride 500 gm
15. Glass slides; reasonable number for regular use
16. Cupboards for store and necessary other furniture for examination room
17. Sealing materials as for autopsy room
18. Computer and printer for report preparation as in autopsy
19. SOPs and Reference Manuals for age estimation, sexual offence case examination, injury examination, drunkenness examination, skeletal remains examination and torture victim examination.

2. **Secondary level Hospitals: Existing Zonal, Regional and Sub-Regional Hospitals and Medical College Teaching Hospitals**
**(Where autopsy number is likely 30-100 per month)**

a) **Autopsy or post-mortem service**

1. Mortuary or post-mortem room-1 with 2-3 mortuary tables
2. Ante-room or changing rom-1
3. Store room -1
4. Bathroom-1
5. X ray room with X ray facility or portable X-ray when required
6. Body dissection table-Minimum 2 and as per requirement
7. Organ dissection table – Minimum 2 and as per requirement
8. Refrigeration chamber or cool room for body preservation (8-10 bodies capacity)
9. Dissection set of instrument for autopsy-Minimum 2 sets and as per requirement

10. Osteometric board- Minimum 1 and as per requirement
11. Vernier Caliper- Minimum 1 and as per requirement
12. Magnifying lens; 20 and 40 times - Minimum2 each
13. Measuring tape -Minimum4 and as per requirement
14. Weighing machine for organs and dead body -1 each
15. Camera for photography
16. Glass tubes for blood collection and tissue collection; reasonable numbers for regular use
17. Glass slides ; reasonable number for regular use
18. EDTA
19. Sodium Floride -200 or 500 gm- 1
20. Formalin solution
21. Plastic made wide mouth containers of 500 ml capacity ; reasonable numbers for regular need
22. Sodium chloride (table salt); reasonable amount for regular use
23. Autopsy gown – Minimum 4 sets and as per requirement
24. Gum boots-Minimum 4 pairs and as per requirement
25. Gloves and masks as per requirement
26. Stationeries; paper, markers, pen, staplers, rulers, card boards etc
27. Administrative room for case registration and report preparation with Computer, printer for report preparation and necessary furniture
28. Cleaning agents; soap, detergents
29. Sealing materials; specific seal tape or wax seal and seal print
30. Autopsy SOP, Reference Manual

b) **Clinical forensic or medico-legal services**

1. Medico-legal Examination (MLE) room- 1
2 Examination bed-1
2. Weight machine and height scale- each 1
3. BP set, stethoscope and torch light – each 1
4. Examination kits; sexual offence cases (rape victim examination kit)
5. Gloves and masks
6. Stationeries: paper, markers, pen, staplers, rulers, card boards etc
7. Magnifying lens; 20 and 40 times each 1
8. Measuring tape-2
9. Camera for photography
10. Paper envelopes of different sizes for collection of samples and packing as per requirement
11. Glass tubes for collection of blood urine; reasonable number for regular use
12. EDTA and Sodium floride 500 gm -1
13. X ray plate view box- Minimum1

14. Glass slides; reasonable number for regular use
15. Cupboards for store and necessary other furniture for examination room
16. Sealing materials as for autopsy room
17. Computer and printer for report preparation as in autopsy
18. SOPs and Reference Manuals for age estimation, sexual offence case examination, injury examination, drunkenness examination, skeletal remains examination and torture victim examination.

3. **Tertiary level hospitals**
   **Requirements for tertiary centers/Medical Colleges or hospital with Medico-legal FULL FACILITY**
   **(Basically these hospitals are Provincial Medico-Legal Centers)**

   a) **Autopsy and Post-mortem service**

   1. Mortuary or post-mortem room-1 or more according to caseloads of the center
   2. Ante-room or changing rom-1
   3. Store room -1
   4. Bathroom-1
   5. X ray room with X ray facility
   6. Body dissection table- 2 and more according to caseloads of the center
   7. Organ dissection table -2 and more according to caseloads of the center
   8. Refrigeration chamber or cool room for body preservation (50-100 bodies capacity) It is essential for management of dead after disaster where many bodies must be managed and it is also part of preparedness from HEOC preparedness activity.
   9. Dissection set of instrument for autopsy- Minimum4 sets and as per requirement
   10. Osteometric board- As per requirement
   11. Vernier Caliper- As per requirement
   12. Magnifying lens; 20 and 40 times - Minimum2 each and as per requirement
   13. Measuring tape -4 and more
   14. Weighing machine for organs and dead body -1 each
   15. Camera for photography
   16. Glass tubes for blood collection and tissue collection; reasonable numbers for regular use
   17. Glass slides ; reasonable number for regular use
   18. EDTA
   19. Sodium Floride -200 or 500 gm- 1
   20. Formalin solution

21. Plastic made wide mouth containers of 500 ml capacity ; reasonable numbers for regular need
22. Sodium chloride (table salt); reasonable amount for regular use
23. Autopsy gown –Minimum 4 sets and as per requirement
24. Gum boots- Minimum 4 pairs and as per requirement
25. Gloves and masks as per requirement
26. stationaries; paper, markers, pen, staplers, rulers, card boards etc
27. Administrative room for case registration and report preparation with Computer, printer for report preparation and other furniture
28. Cleaning agents; soap, detergents
29. Sealing materials; specific seal tape or wax seal and seal print
30. Autopsy SOP, Reference Manual

b) **Clinical forensic or medico-legal services**

1. Medico-legal Examination (MLE) room- 1
2. Examination bed-1
3. Weight machine and height scale- each 1
4. BP set, stethoscope and torch light – each 1
5. Examination kits; sexual offence cases (rape victim examination kit)
6. Gloves and masks
7. Stationeries: paper, markers, pen, staplers, rulers, card boards etc
8. Magnifying lens; 20 and 40 times each 1
9. Measuring tape-2
10. Camera for photography
11. Paper envelopes of different sizes for collection of samples and packing
12. Glass tubes for collection of blood urine; reasonable number for regular use
13. EDTA and Sodium floride 500 gm -1
14. X ray plate view box- Minimum 1
15. Glass slides; reasonable number for regular use
16. Cupboards for store and necessary other furniture for examination room
17. Sealing materials as for autopsy room
18. Computer and printer for report preparation as in autopsy
19. SOPs and Reference Manuals for age estimation, sexual offence case examination, injury examination, drunkenness examination, skeletal remains examination and torture victim examination.

Nepal Health Sector Support Programme

from the British people